आज मिति २०७७ साल श्रावण २३ गतेका दिन प्रमुख श्री नर वहादुर थापा मगरज्यू को अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहायको विषयहरुमा छलफल गरी निर्णय गरियो ।

**तपसिल**

| | |
|---|---|
| १) नगरपालिका प्रमुख श्री नर वहादुर थापा मगर<br>रामेछाप नगरपालिका रामेछाप | अध्यक्ष |
| २) नगरपालिका उप-प्रमुख श्री सृजना खडका<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ३) वडा अध्यक्ष वडा नं.१ श्री नर वहादुर थापा क्षेत्री<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ४) वडा अध्यक्ष वडा नं. २ श्री निर वहादुर श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ५) वडा अध्यक्ष वडा नं.३ श्री भूपाल राज श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ६) वडा अध्यक्ष वडा नं. ४ श्री टुपेन्द्र वहादुर तामाङ्ग<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ७) वडा अध्यक्ष वडा नं. ५ श्री भिम वहादुर तामाङ्ग<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ८) वडा अध्यक्ष वडा नं. ६ श्री धन वहादुर खडका<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ९) वडा अध्यक्ष वडा नं. ७ श्री समिर कार्की<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १०) वडा अध्यक्ष वडा नं.८ श्री केदार कार्की<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ११) वडा अध्यक्ष वडा नं.९ श्री चन्द्र वहादुर श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |

Scanned with CamScanner

| | | |
|---|---|---|
| १२) | कार्यपालिका सदस्य श्री जमुना हायू<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १३) | कार्यपालिका सदस्य श्री समिता वि.क.<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १४) | कार्यपालिका सदस्य श्री ज्ञानुदेवी वस्नेत कार्की<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १५) | कार्यपालिका सदस्य श्री रुकुम हायू<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १६) | कार्यपालिका सदस्य श्री सरोज कटुवाल<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १७) | कार्यपालिका सदस्य श्री जनकराज सुनुवार<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १८) | कार्यपालिका सदस्य श्री अनिता काफ्ले<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १९) | कार्यपालिका सदस्य श्री कविता रिसाल<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| २०) | प्रमुख प्रशासकीय अधिकृत श्री दिपेन्द्र पौडेल<br>नगर कार्यपालिकाको कार्यालय रामेछाप | सदस्य सचिव |

**छलफल तथा प्रस्तावहरु:**

१) रामेछाप नगरपालिकाको करारका कर्मचारीको म्याद थप सम्वन्धमा ।

२) कार्य सम्पादन मूल्यांकन फाराम स्वीकृत सम्वन्धमा ।

३) रामेछाप नगरपालिकाको व्यापार तथा व्यवसाय सम्वन्धी कार्यविधि २०७७ सम्वन्धमा ।

४) बजार क्षेत्रमा सी.सी. क्यामेरा जडान गर्ने सम्वन्धमा ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६ को उपदफा ४ (क) २ बमोजिम पेश गरिएको ।



Scanned with CamScanner

निर्णय नं.१

यस नगरपालिकामा कार्यरत करारका कर्मचारीहरुको करार सम्झौताको म्याद सातौ नगर सभावाट स्वीकृत दरवन्दी वमोजिम २०७७ पौष मसान्तसम्म थप गर्ने र नगरपालिकालाई आवश्यक परेमा थप प्राविधिक कर्मचारी परामर्शदाताको रुपमा सेवा करारमा लिई २०७७ पौष मसान्तसम्म करार सम्झौता गरि कामकाज गर्ने गराउने निर्णय गरियो ।

निर्णय नं.२

लोक सेवा आयोगबाट शिफारिस भइ यस नगरकार्यपालिकाको कार्यालयमा स्थायी नियुक्ति भएका कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन प्रयोजनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७/४/१ गतेको पत्रसाथ प्राप्त ढाँचा वमोजिमको कार्यसम्पादन मूल्यांकन फाराम स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.३

रामेछाप नगरपालिकाको व्यापार तथा व्यवसाय सम्वन्धी कार्यविधि, २०७७ को मस्यौदा माथि दफावार छलफल भइ परिमार्जन सहित उक्त कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

नगर क्षेत्रको वढ्दो शहरीकरण सँगै हुनसक्ने सम्भावित अपराधिक गतिविधिहरुलाई नियन्त्रण गरी शान्ति सुरक्षा कायम गर्नका लागि जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयसँगको समन्वयमा स्वीकृत मापदण्ड वमोजिम हुने गरी नगर भित्रको वजार क्षेत्रमा सि सि टि भि जडान गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

रामेछाप नगरपालिका वडा नं. ८ स्थित रामेछाप वजारमा लाग्दै आईसहेको साप्ताहिक हाटवजारको लागि आ.व.०७६/७७ का लागि रु.२१००००।- मा ठेक्का वन्दोवस्त भई सो वमोजिम हाटकर उठाउने कार्य भै रहेकोमा कोरोना भाईरस महामारीका कारण मिति२०७६/१२/११ गते देखि देशभर भएको लकडाउनका कारण हाटवजार पूर्ण रुपमा वन्द हुन गइ ठेक्का असुली कार्य गर्न नसकिएको हुँदा लकडाउन सुरु भएको मितिदेखी २०७७ आषाढ मसान्त सम्मको अवधिको क्षेतिपूर्ति रकम उपलब्ध गराई पाउन सम्वन्धीत ठेकेदारवाट नगर कार्यपालिकाको कार्यालयमा पेश भएको निवेदन उपर छलफल गर्दा लकडाउन सुरु भएको मिति देखी लकडाउन समाप्त भएको घोषणा भएको मिति सम्मको १५ हप्ताको अवधि म्याद समाप्त भएका मिति देखि थप गरी पूर्व सम्झौता वमोजिमकै दर रेट वमोजिम हुने गरी निजलाई नै हाटकर उठाउन दिने निर्णय गरियो ।

निर्णय नं.६

यस नगरपालिका वडा नं. २ स्थित सितलादेवी माध्यमिक विद्यालयले कक्षा ११ सञ्चालनका लागि अनुमति माग गरेको सम्वन्धमा नगर शिक्षा समितिको वैठकवाट गठित कार्यदलको शिफारिस समेतका आधारमा विद्यालयको

भद्र वहादुर थापा मगर
प्रमुख

Scanned with CamScanner

प्रतिवद्धता वमोजिम यस नगरपालिकालाई कुनै दायित्व नपर्ने गरी उक्त विद्यालयलाई कक्षा ११ सञ्चालनको अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.७**

स्वयंसेवी शिक्षक अनुदान व्यवस्थापन कार्यविधि, २०७६ (पहिलो संसोधन) स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

रामेछाप नगरपालिकाको स्थानीय पाठ्यक्रम २०७७ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

यस नगरपालिका अन्तर्गत अधिकांश वडाहरुमा वादरको आतंक वढ्न लागेको र यस क्रममा रामेछाप नगरपालिका वडा नं. ८ का सिताराम श्रेष्ठले वादर धपाउने यन्त्र प्रयोगमा ल्याउन अनुमति माग गरेको हुँदा निजलाई सो यन्त्र परिक्षणको रुपमा प्रयोग गर्न र प्रचलित वजार मुल्य वमोजिम विक्री वितरण समेत गर्न अनुमति दिने निर्णय गरियो ।

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ को उपदफा २ (ज) तथा रामेछाप नगरपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण कार्यविधि,२०७४ को नियम ५ को उपनियम १ वमोजिम प्रमाणित गरीएको ।

....................

(दिपेन्द्र पौडेल)

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner